दक्षिणकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाण्डौ, बागमती प्रदेश

प.सं. ०७७/०७८
च.नं. शिक्षा - ११०

मिति:२०७७/११/१७

दक्षिणकाली नगरपालिका फर्पिङ भित्रका सबै विद्यालयहरु

विषय : विद्यालय गुनासो पेटिका राख्ने संम्बन्धमा ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालय सिंहखरबार काठमाडौंको मिति २०७७/११/१४ गतेको प्राप्त पत्रानुसार पछिल्लो दिनहरुमा पत्रपत्रिका तथा संञ्चार माध्यममा विद्यालय उमेरका बालबालिकाहरु माथि यौन दुर्व्यवहार,शोषण तथा लैङ्गिक हिंसाका समचारहरु प्रकाशित भइरहेको हुँदा यस्ता गतिविधिलाई निरुत्साहित गरी विद्यालय हाता भित्र तथा विद्यालय वाहिर विद्यार्थी माथि हुने सबै प्रकारका भेदभाव , दुर्व्यवहार,शोषण,मानसिक तथा शारीरिक दण्ड सजायँ तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्न गुनासो सुनुवाइ कार्यविधि २०७४ (संशोधन २०७७ सहित )शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्धारा कार्यान्वयनमा ल्याएको छ । उक्त कार्यविधि अनुसार सबै विद्यालयहरुमा विद्यार्थीहरुको गुनासो सुनुवाई व्यवस्थित गर्न अनिवार्य रुपमा सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्ने र एक जना महिला शिक्षकलाई लैङ्गिक सम्पर्क विन्दु तोक्ने व्यवस्था गर्नु हुन समेत अनुरोध छ ।

लक्ष्मण दाहाल
अधिकृत (आठौं)
२०७७/११/१७